## तातोपानी गाँउपालिका वडा नं. ४, हाँकु, जुम्लामा पाइने

# रैथाने बालीका जातहरू



























Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development
and Cooperation SDC

**उद्धरण:** प्रगति बाबु पनेरू, ललिता आलेमगर र निरन्जन पुडासैनी । *तातोपानी गाँउपालिका वडा नं. ४, हाँकु, जुम्लामा पाइने रैथाने बालीका जातहरू* । सूचीपुस्तिका, वर्ष २०७६ । ली-बर्ड, राष्ट्रिय जीन बैंक, कृषि विभाग र बायोभर्सिटी इन्टरनेशनल, नेपाल ।

## तातोपानी गाँउपालिका वडा नं. ४, हाँकु, जुम्लामा पाइने

# रैथाने बालीका जातहरू



| | |
|---|---|
| **प्रकाशक** | ली-बर्ड, जीन बैंक/नार्क र बायोभर्सिटी इन्टरनेशनल |
| **सर्वाधिकार** | प्रकाशकमा |
| **संस्करण** | प्रथम २०७६ |
| **छापिएको प्रति** | ३०० |
| **लेखकहरू** | प्रगति बाबु पनेरू, ललिता आलेमगर र निरन्जन पुडासैनी |
| **तथ्याङ्क सङ्कलन सहयोगीहरू** | सुवास गौतम, कविता जैसी, पूर्ण पौडेल, धनकृष्ण पाण्डे र गोमा पाण्डे |
| **भाषा सम्पादन** | उमेश प्रसाद रेग्मी |
| **डिजाइन तथा लेआउट** | हेम जि.सी., ली-बर्ड |
| **फोटोहरू** | ली-बर्ड फोटो बैंक |

यो सूचीपुस्तिका स्थानीय बाली परियोजना (Local Crop Project) र नेपाल बीउ प्रणाली परियोजना (Nepal Seed System Project) को प्राविधिक एवं आर्थिक सहयोगमा प्रकाशन गरिएको हो ।

# भूमिका

नेपाल जस्ता पर्वतीय देशहरु जलवायु परिवर्तन जस्ता विभिन्न हावापानीमा आउने परिवर्तनको उच्च जोखिममा छन् । जलवायु परिवर्तनले बाली उत्पादनमा विभिन्न असरहरु परिरहेका छन् भने महत्त्वपूर्ण कृषि जैविक विविधताहरु लोपोन्मुख अवस्थामा छन् । यस्तो बदलिदो वातावरणीय अवस्थासँग जुध्न स्थानीय जातहरु र तिनमा भएका गुणहरु (जस्तैः सुख्खा सहने, रोग किरा सहने, बढी वा कम पानीमा पनि राम्रै उत्पादन दिने आदि) महत्त्वपूर्ण हुन सक्छन् । वातावरण अनुसारका जातहरु विकासका लागि पनि स्थानीय कृषि जैविक विविधताको अत्यन्तै महत्त्वपूर्ण भूमिका रहन्छ । उच्च पहाडका कृषकहरूले खेती गर्दै आएका फापर, कागुनो, चिनो, लट्टे, कोदो, सिमी जस्ता बालीहरु र यी बालीमा भएको विविधता नेपालको लागि मात्र नभई विश्वकै लागि महत्त्वपूर्ण विविधतामा पर्दछन् । जुन बालीहरूमा चिसो सहने, रोग किरा कम लाग्ने, सिचाई कम भएको ठाउँमा उत्पादन दिन सक्ने जस्ता गुणहरू हुनाका साथै स्वादिलो र पोषणयुक्त पनि छन् । हालसम्मको तथ्याङ्कलाई हेर्ने हो भने यस्ता रैथाने बालीहरूको प्रवर्धनका लागि त्यति धेरै अध्ययन अनुसन्धान गरिएको पनि पाइदैन ।

यसै तथ्यलाई मध्यनजर गरी, जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड), नेपाल कृषि अनुसन्धान परिषद (नार्क), कृषि विभाग र बायोभर्सिटी इन्टरनेशनलको संयुक्त पहल तथा विश्व वातावरणीय सहजता (Global Environment Facility) मार्फत संयुक्त राष्ट्रसंघीय वातावरणीय कार्यक्रम (United Nations Environment Programme) को सहयोगमा सन् २०१४ जुन देखि २०१९ सेप्टेम्बरसम्म नेपालका हुम्ला, जुम्ला, लमजुङ र दोलखा जिल्लामा वातावरणीय अवस्थासँग अनुकूल रहने प्रविधिको विकासका लागि यस अनुसन्धानमूलक स्थानीय बाली परियोजनाको सञ्चालन भएको हो । यस परियोजनाको मुख्य उद्देश्यहरूमा स्थानीय कृषि जैविक विविधताको व्यवस्थापनका लागि उपयुक्त प्रविधिहरूको विकास गर्ने, वर्तमान अवस्थामा रहेको बीउ उत्पादन प्रणालीको अध्ययन गरी बीउको गुणस्तर र उपलब्धतामा सुधार ल्याउने र कृषि जैविक विविधताको दिगो व्यवस्थापनका लागि भएका नीती नियमहरूको अध्ययन गरी आवश्यकतानुसार नीतीगत छलफल तथा बहस पैरवी गर्ने आदि पर्दछन् । विशेष गरी यस परियोजनाले फापर, चिसो सहन सक्ने धान, कोदो, सिमी, लट्टे, उवा, चिनो र कागुनोका विभिन्न स्थानीय जातहरूमा अध्ययन अनुसन्धान गर्दै मध्य तथा उच्च पहाडका कृषकहरूलाई बीउ उत्पादन, व्यवस्थापन र प्रसोधनका प्रविधिहरूमा सुलभ पहुँच पुऱ्याउन सहयोग गर्नुका साथै स्थानीय देखि राष्ट्रिय स्तरसम्म कृषि जैविक विविधताको संरक्षण प्रवर्धनका लागि नीतीगत बहस पैरवी गर्ने जस्ता कार्यहरु सञ्चालनमा ल्याएको छ ।

यसै अनुरूप, परियोजनाले आफ्नो कार्यक्षेत्र तातोपानी गाँउपालिका वडा नं. ४, हाँकु, जुम्लामा पाइने परियोजनाका लक्षित बालीहरु र तिनका जातहरूको जानकारीहरु समेटी यो सूचीपुस्तिका तयार पारेको हो । यस सूचीपुस्तिकामा सङ्कलित सूचनाबाट कृषि जैविक विविधतामा रूचि राख्ने कृषक, विद्यार्थी, वैज्ञानिक, सरकारी तथा गैरसरकारी निकायहरु सबैका लागि थप अध्ययन र अनुसन्धानमा टेवा पुग्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ । सूचनाहरूको उपलब्धताले विषय विशेषज्ञहरूबाट यस्ता रैथानी बाली र जातहरूमा थप अनुसन्धान र बाली सुधारका काम भई खाद्यसुरक्षामा दीर्घकालीन सहयोग पुग्नेछ भन्ने अपेक्षा परियोजनाले लिएको छ ।

# तातोपानी गाँउपालिका वडा नं. ४, हाँकु, जुम्लाको संक्षिप्त पृष्ठभूमि

साबिकको हाँकु गा.बि.स. पुर्नसंरचना पश्चात तातोपानी गाँउपालिका वडा नं. ४, जुम्लामा अवस्थित छ । उक्त स्थान जिल्ला सदरमुकाम चन्दननाथ नगरपालिका देखि करिब ८ किलोमिटर दक्षिणतर्फ पर्दछ । समुद्री सतहबाट २००० मिटरदेखि ४६०० मिटरसम्म फैलिएको यस हांकुगाउँको कूल क्षेत्रफल १९९.४ वर्ग किलोमिटर रहेको छ । कुल क्षेत्रफलको ४०% जमिन खेतियोग्य छ भने ६०% वनजङ्गलले ओगटेको छ । बार्षिक औसत तापक्रम, न्यूनतम १२ डिग्रीदेखि अधिकतम ३० डिग्रीसम्म रहेको पाइन्छ भने जाडो महिनामा यस क्षेत्रमा हिमपात पनि हुने गर्दछ । यस क्षेत्रमा बार्षिक औसत ६६७ - ८५२ मिलिमिटर वर्षा हुने गर्दछ । यस भेगका जनसमुदायहरुको जीविको पार्जनको मुख्य स्रोत भनेकै कृषि उत्पादन भए पनि कृषिकर्म भने निर्वाहमुखी र प्राङ्गारिक छ, जसअन्तर्गत खाद्यान, फलफुल तथा तरकारी खेती पर्दछन् । यहाँ मुख्यत: हिउँदे बाली र बर्षे बाली गरी दुई मुख्य समयमा बालीहरु लगाउने गरिन्छ । बर्षे बाली फागुन-बैशाखसम्म लगाइ असोज-कार्तिकमा बाली लिइन्छ भने हिउँदेबाली मंसिरमा लगाइ चैत्र-बैशाखमा बाली भित्र्याइन्छ । विश्वकै सर्वोच्च उचाईमा उत्पादन हुने जुम्ली मार्सी धानले यस जिल्लाको पहिचान अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याएको छ ।




| | |
|---|---|
| भौगोलिक विवरण | अक्षाशः २९ डिग्री ०४ मिनेट देखि २९ डिग्री १५ मिनेट उत्तरी अक्षाशसम्म<br>देशान्तरः ८२ डिग्री ०५ मिनेट देखि ८२ डिग्री १६मिनेट पूर्वी देशान्तरसम्म<br>उचाईः समुन्द्री सतहबाट २०००-४६०० मिटर |
| हावापानी | तापक्रमः १२-३० डि.से., न्युनतम तापक्रम -११ डि.से. सम्म जान सक्ने,<br>औसत बार्षिक बर्षाः ६६७ - ८५२ मि.मि.<br>मौसमी विविधताः समशीतोष्णदेखि शीतोष्ण |
| जनसांखिक विवरण | जम्मा घरधुरीः ५८०<br>जम्मा जनसंख्याः ६,२०३ (५६% पुरूष र ४४% महिला) |
| खेती योग्य जमिन (रोपनी/घरधुरी) | औसत ७.१३±०.४३ (०.३३५ हे/घरधुरी) |
| जातीय विवरण | ४१% दलित, ३६% ब्राम्हण र २३% क्षेत्रीय/ठकुरी |
| परियोजना लक्षित रैथाने बाली विविधता | लट्टे-३, जौ-१२, सिमी-१२, फापर-२, कोदो-२, कागुनो-३, चिनो-२, धान-५ |

स्रोतः (Palikhey et al., 2016)

जुम्ला जिल्ला जस्तै, हांकुगाउँको पनि प्रमुख अन्नबालीहरु मकै, कोदो, जौ, धान, गहुँ, कागुनो, चिनो, फापर, उवा हुन भने फलफुलमा स्याउ, ओखर, खुर्पानी, आरूबखडा आदि पर्दछन् । सिमी, भटमास, आलु, गाजर, केराउ, मौरी पालन, पशुपालन नगद आय आर्जनका उत्कृष्ट बाली हुन त्यसै गरी कम तौल तर उच्च मूल्य भएका तरकारी बीउ उत्पादन खासगरी, मुला, रायो, गाजर, प्याज, स्वीजचार्ड यस जिल्लामा उत्पादन हुने प्रतिस्पर्धी एवम् तुलनात्मक रूपले लाभकारी बालीहरु हुन् ।

यस परियोजनाले अध्ययन-अनुसन्धान, संरक्षण तथा प्रवर्धनका लागि लक्षित गरिएको आठ वटै बालीहरु तातोपानी ४, हाँकुमा परापूर्वकालदेखिनै खेति हुँदै आएका छन् । यी बालीहरु मध्ये, धान सबैभन्दा बढी क्षेत्रफलमा (२.५७ रोपनी प्रति घरधुरी) खेती गरिन्छ भने क्रमश : जौ, सिमी र कोदोको खेती गरिन्छ । सामान्यतया खेती गरिने बालीहरुमध्ये हाँकुमा सबैभन्दा बढी उत्पादकत्त्व पनि धानको नै रहेको पाइएको छ । तथ्यांकका आधारमा, धानको उत्पादकत्त्व १८७.०१ के.जी./रोपनी तथा जौ र कोदोको उत्पादकत्त्व १०१.८७ र ९०.१८ के.जी./रोपनी रहेको छ (Palikhey et al., 2016) ।

# पुस्तिकामा समेटिएका बाली तथा जातहरू


| बाली संख्या | बालीको नाम | जातको नाम | पेज नं. |
|---|---|---|---|
| १ | **लट्टे** | सेतो मार्से | १ |
| | | लाल/रातो मार्से | २ |
| | | लडी मार्से | ३ |
| २ | **जौ** | चावली जौ | ४ |
| ३ | **सिमी** | रातो लामो सिमी | ५ |
| | | कालो लामो सिमी | ६ |
| | | रातो किरबिरे/माले सिमी | ७ |
| | | कालो किरबिरे/माले सिमी | ८ |
| | | कलेजि सिमी | ९ |
| | | कालो मसिनो/सानो सिमी | १० |
| | | खैरो सिमी | ११ |
| | | पहेंलो बेसारे सिमी | १२ |
| | | सेतो किरबिरे सिमी | १३ |
| | | खैरो छिर्के सिमी | १४ |
| | | रातो सानो छिर्के सिमी | १५ |
| | | रातो सानो सिमी | १६ |
| ४ | **फापर** | मिठे फापर | १७ |
| | | तिते फापर | १८ |
| ५ | **कोदो** | रातो कोदो | १९ |
| | | कालो कोदो | २० |
| ६ | **कागुनो** | रातो कागुनो | २१ |
| | | औले कागुनो | २२ |
| | | पहेंलो/सेतो कागुनो | २३ |
| ७ | **चिनो** | दुधे चिनो | २४ |
| | | हाडे चिनो | २५ |
| ८ | **धान** | जुम्ली मार्सी | २६ |
| | | दारिमे | २७ |
| | | मेल्टे | २८ |
| | | कालि मार्सी | २९ |
| | | पाखे/धोक्रे | ३० |



# सेतो मार्से



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | लट्टे |
| वैज्ञानिक नाम | *Amaranth cruentus L.* |
| जात | सेतो मार्से |
| पाइने मुख्य स्थानहरु | गिडीखोला, हाँकु, गौतमबडा |
| स्थानीय नाम | मार्से |
| जातको पहिचान (हुलिया) | ठाँडो सेतो फुल फुल्ने, सेतो दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १००-१५० |
| फूल फुल्न लाग्ने समय (दिन) | ११५-१२५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | १६०-१७० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | २२५-२३५ |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी²/घरधुरी) | ०.०२७± ०.००७ |
| उत्पादनमा संलग्न घरधुरी % | १२ |
| संरक्षणको अवस्था[१] | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | पोसिलो, फलामजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | परम्परागत तथा सांस्कृतिक मान्यता भएको |
| प्रयोग | दाना भुटेर खाजाको रूपमा र लड्डु बनाउन प्रयोग हुने |
| स्वाद विश्लेषण | भुट्दा नरम, फुल उठ्ने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा तथा रोग किरा सहन सक्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |

१ संरक्षणको अवस्थाः २५% भन्दा कम = दुर्लभ, २६-५०% = लोपोन्मुख, ५१-७५% = सुलभ, ७६-१००% = सर्वसुलभ

# लाल/रातो मार्से





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | लट्टे |
| वैज्ञानिक नाम | *Amaranth cruentus L.* |
| जात | रातो/लाल मार्से |
| पाइने मुख्य स्थानहरु | नियाँपानी, गिडीखोला, हाँकु, गौतमबडा |
| स्थानीय नाम | मार्से |
| जातको पहिचान (हुलिया) | ठाँडो रातो फुल फुल्ने, सेता चम्किला दाना हुने । |



## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | २५०-३०० |
| फूल फुल्न लाग्ने समय (दिन) | ११५-१२५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | १६५-१७० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | २००-५०० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.०२० ± ०.००३ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | उस्तै |



## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | पोसिलो, फलामजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | धार्मिक तथा सांस्कृतिक महत्व भएको, सागको लागि उपयुक्त |
| प्रयोग | कलिला पात, मुना ताजा तरकारीको रूपमा र दाना भुटेर खाजाको रूपमा र लड्डु बनाउन प्रयोग हुने |
| स्वाद विश्लेषण | दाना भुट्दा नरम, फुल उठ्ने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |



# लडी मार्से



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | लट्टे |
| वैज्ञानिक नाम | *Amaranth caudatus* |
| जात | लडी मार्से |
| पाइने मुख्य स्थानहरु | नियाँपानी, गिडीखोला, हाँकु, गौतमबडा |
| स्थानीय नाम | मार्से |
| जातको पहिचान (हुलिया) | झुकेका फुल फुल्ने, हल्का राता दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | २४५-२५० |
| फूल फुल्न लाग्ने समय (दिन) | १२५-१३५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | १७५-१८० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | १००-१५० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.०३३ ± ० |
| उत्पादनमा संलग्न घरधुरी % | २ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | पोसिलो, फलामजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | परम्परागत मान्यता भएको |
| प्रयोग | दाना भुटेर खाजाको रूपमा र लड्डु बनाउन प्रयोग |
| स्वाद विश्लेषण | दाना भुट्दा नरम, फुल उठ्ने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |

# चावली जौं





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | जौ |
| वैज्ञानिक नाम | *Hordeum vulgare L.* |
| जात | चावली |
| पाइने मुख्य स्थानहरु | हाँकु, पर्थेनी, गिडीखोला, गौतमबडा, नियाँपानी |
| स्थानीय नाम | जौ |
| जातको पहिचान (हुलिया) | गोला सेता भुस भएको बाला लाग्ने, मध्यम आकारको बोट हुने |



## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ७०-७५ |
| फूल फुल्न लाग्ने समय (दिन) | १२५-१३५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | १७०-१८० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | १००-१०५ |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | २.२० ± ०.१५ |
| उत्पादनमा संलग्न घरधुरी % | ८१ |
| संरक्षणको अवस्था | सर्वसुलभ |
| खेती प्रचलनको अवस्था | उस्तै |



## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा सुपाच्य रेसायुक्त |
| बजारीकरणको बिशेषता | पोसिलो, परम्परागत मान्यता भएको |
| प्रयोग | रोटी, सातु बनाइने |
| स्वाद विश्लेषण | स्वादिलो हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, कम ढल्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |



# रातो लामो सिमी



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | रातो लामो |
| पाइने मुख्य स्थानहरु | हाँकु, पर्थेनी, गिडीखोला, गौतमबडा, नियाँपानी |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | रातो फुल फुल्ने, राता लाम्चिला दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ३५-४५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ५५-६५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९५-१०५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ५२.७५±४.३६ |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | १.१२ ± ०.०९ |
| उत्पादनमा संलग्न घरधुरी % | ७२ |
| संरक्षणको अवस्था | सुलभ |
| खेती प्रचलनको अवस्था | बढ्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | रातो रङका ठुला दाना |
| प्रयोग | हरिया कोसा तरकारीको रूपमा र सुकेका दाना दालको रूपमा प्रयोग हुने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने र धेरै पानी सहन नसक्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |

# कालो लामो सिमी





### क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | कालो लामो |
| पाइने मुख्य स्थानहरु | हाँकु, पर्थेनी, गिडीखोला, गौतमबडा, नियाँपानी |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | होचो झाडीजस्तो बोट हुने, बैजनी रङको फुल फुल्ने, काला लाम्चिला दाना हुने |



### ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ५५-६५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ५५-६५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९०-१०० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ५०-५५ |



### ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.९६ ± ०.११ |
| उत्पादनमा संलग्न घरधुरी % | ३७ |
| संरक्षणको अवस्था | लोपोन्मुख |
| खेती प्रचलनको अवस्था | बढ्दो |

### घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | काला चम्किला मृगौला आकारका ठुला दाना |
| प्रयोग | हरिया कोशा तरकारीको रूपमा र सुकेपछि दालको रूपमा प्रयोग हुने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |

### ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |



## रातो किरबिरे/माले सिमी



### क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | रातो किरबिरे/माले |
| पाइने मुख्य स्थानहरु | हाँकु, पर्थेनी, गिडीखोला, गौतमबडा, नियाँपानी |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | रातोमा सेतो थोप्ला भएका लाम्चिला दाना हुने |

### ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | २५-३५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ६०-७० |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९५-१०५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | १००-११० |

### ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.४३ ± ०.०४ |
| उत्पादनमा संलग्न घरधुरी % | ३ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | बढ्दो |

### घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | रातो रङका दाना र स्वाद |
| प्रयोग | दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |



### ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, कोत्रे रोगले कम असर गर्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |

# कालो किरबिरे/माले सिमी





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | कालो किरबिरे/माले |
| पाइने मुख्य स्थानहरु | हाँकु, पर्थेनी, गिडीखोला, गौतमबडा, नियाँपानी |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | कालोमा सेतो थोप्ला भएका लाम्चिला दाना हुने, झाँगिने खालको बोट हुने |



## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ७०-८० |
| फूल फुल्न लाग्ने समय (दिन) | ५५-६५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९५-१०५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ५०-५५ |



## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी²/घरधुरी) | १.१० ± ०.६० |
| उत्पादनमा संलग्न घरधुरी % | २ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | बढ्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्व पाईने |
| बजारीकरणको बिशेषता | कालो रङका दाना र स्वाद |
| प्रयोग | दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |



# कलेजि सिमी



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | कलेजी |
| पाइने मुख्य स्थानहरु | हाँकु |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | बैजनी रङको फुल फुल्ने, गाढा रातो दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ७०-७५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ५५-६० |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९०-१०० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ५०-६० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | १ ± ०.०१ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाइने |
| बजारीकरणको बिशेषता | रातो रङका साना दाना |
| प्रयोग | दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | धेरै स्वादिलो नहुने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, रोगले कम असर गर्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |

# कालो मसिनो/सानो सिमी





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | कालो सानो |
| पाइने मुख्य स्थानहरु | गौतमबडा |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | बैजनी फुल फुल्ने, चम्किलो कालो सानो दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ५५-६५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ५५-६५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९५-१०५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ४५-५० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | १.१ ± ०.०१ |
| उत्पादनमा संलग्न घरधुरी % | ८ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | बढ्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | कालो रङका दाना र स्वाद |
| प्रयोग | दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, कोत्रे रोगले असर गर्ने |
| अनुकूलन | भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |



# खैरो सिमी



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | खैरो |
| पाइने मुख्य स्थानहरु | गिडीखोला, नियाँपानी |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | कोसामा गाढा रातो थोप्ला हुने, बैजनी फुल फुल्ने, हल्का निलो खैरो दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ५५-६५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ६०-७० |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९५-१०५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ४५-५० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | १.१ ± ०.०१ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |





## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाइने |
| बजारीकरणको बिशेषता | खैरो रङका दाना |
| प्रयोग | हरियो कोसा तरकारीको रूपमा र सुकेको दाना दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा तथा रोगले कम असर गर्ने |
| अनुकूलन | भिरालो जमिन तथा सुक्खा बारीमा लगाइने |

# पहेंलो बेसारे सिमी





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | पहेंलो बेसारे |
| पाइने मुख्य स्थानहरु | नियाँपानी |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | होचो झाँगजस्तो बोट हुने, पहेला लाम्चिला दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ६०-७० |
| फूल फुल्न लाग्ने समय (दिन) | ३५-४५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ७०-८० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ५०-५५ |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.५ ± ०.०१ |
| उत्पादनमा संलग्न घरधुरी % | ३ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | बढ्दो |





## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाइने |
| बजारीकरणको बिशेषता | आकर्षक रङका दाना र स्वाद |
| प्रयोग | हरिया कोसा तरकारीको रूपमा र सुकेका दाना दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो जमिन तथा सुक्खा बारीमा लगाइने |





# सेतो किरबिरे सिमी

### क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | सेतो किरबिरे/माले |
| पाइने मुख्य स्थानहरु | हाँकु |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | कालो थोप्ला भएको कोसा लाग्ने, काला धर्सा भएका घिउ रङका दाना हुने |

### ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ५५-६५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ५५-६५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९५-१०५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ५०-६० |

### ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.५ ± ०.०१ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

### घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाइने |
| बजारीकरणको बिशेषता | आकर्षक दाना र स्वाद |
| प्रयोग | दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |





### ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो जमिन तथा सुक्खा बारीमा लगाइने |

# खैरो छिर्के सिमी





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | खैरो छिर्के |
| पाइने मुख्य स्थानहरु | हाँकु |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | खैरोमा घिउरङ घर्सा भएको दाना |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ४५-५५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ५५-६५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९५-१०५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ४५-५० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.५ ± ०.०१ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाइने |
| बजारीकरणको बिशेषता | तरकारी र दाल दुवैमा प्रयोग गर्न सकिने |
| प्रयोग | हरियो कोसा तरकारीको रूपमा र दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो जमिन तथा सुक्खा बारीमा लगाइने |





# रातो सानो छिर्के सिमी



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | रातो सानो छिर्के |
| पाइने मुख्य स्थानहरु | हाँकु |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | गुलाबी साना गोला दानामा हल्का सेतो धर्सा हुने । |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ४०-५० |
| फूल फुल्न लाग्ने समय (दिन) | ५५-६५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९५-१०५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ४५-५० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.५ ± ०.०१ |
| उत्पादनमा संलग्न घरधुरी % | १ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | आकर्षक दाना |
| प्रयोग | तरकारी र दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |



## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो जमिन तथा सुक्खा बारीमा लगाइने |

# रातो सानो सिमी





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | सिमी |
| वैज्ञानिक नाम | *Phaseolus vulgaris L.* |
| जात | रातो सानो |
| पाइने मुख्य स्थानहरु | हाँकु, पर्थेनी, गिडीखोला, गौतमबडा, नियाँपानी |
| स्थानीय नाम | सिमी |
| जातको पहिचान (हुलिया) | होचो बोट, चम्किलो र गतजस्तो रातो सानो दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ६०-७० |
| फूल फुल्न लाग्ने समय (दिन) | ७०-८० |
| परिपक्व हुन लाग्ने समय (दिन) | ९५-१०५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ५५-६० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | २ ± ०.६ |
| उत्पादनमा संलग्न घरधुरी % | ६५ |
| संरक्षणको अवस्था | सुलभ |
| खेती प्रचलनको अवस्था | उस्तै |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा प्रोटिनजन्य तत्त्व पाइने |
| बजारीकरणको बिशेषता | आकर्षक रङ र स्वाद |
| प्रयोग | तरकारी तथा दालको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम, लतक्क भएर पाक्ने र स्वादिलो हुने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, रोग कम लाग्ने |
| अनुकूलन | भिरालो जमिन तथा सुक्खा बारीमा लगाइने |





# मिठे फापर



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | फापर |
| वैज्ञानिक नाम | *Fagopyrum esculentum Moench.* |
| जात | मीठे |
| पाइने मुख्य स्थानहरु | हाँकु, गिडीखोला, नियाँपानी |
| स्थानीय नाम | फपर |
| जातको पहिचान (हुलिया) | त्रिकोणात्मक चुच्चो परेको दाना, सेतो फुल फुल्ने र रातो डाँठ हुने । |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ४०-५० |
| फूल फुल्न लाग्ने समय (दिन) | ४५-५५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ८५-९५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ५०-५५ |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.४८ ± ०.१२ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा रेशाजन्य तत्त्व पाईने, आडिलो हुने |
| बजारीकरणको विशेषता | औषधीय गुण भएको र स्वाद |
| प्रयोग | रोट खान प्रयोग गरिने |
| स्वाद विश्लेषण | मीठो हुने |



## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो जमिन तथा सुक्खा बारीमा लगाइने |

# तिते फापर





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | फापर |
| वैज्ञानिक नाम | *Fagopyrum tataricum Gaertn.* |
| जात | तीते |
| पाइने मुख्य स्थानहरु | गिडीखोला, नियाँपानी |
| स्थानीय नाम | तीते फापर |
| जातको पहिचान (हुलिया) | त्रिकोणत्मक लाम्चिला दाना, गुलाबी सेतो मिश्रित रङका फुल फुल्ने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १००-१०५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ४०-५० |
| परिपक्व हुन लाग्ने समय (दिन) | ८५-९५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ५०-६० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.४८ ± ०.१२ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा रेशा तथा फलामजन्य तत्त्व पाइने, आडिलो हुने |
| बजारीकरणको बिशेषता | औषधीय गुण भएको |
| प्रयोग | हरिया पात, कलिला मुना ताजा तरकारीको रूपमा र दाना रोटी खानमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | तीतो हुने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो जमिन तथा सुक्खा बारीमा लगाइने |



# रातो कोदो



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | कोदो |
| वैज्ञानिक नाम | *Eleusine coracana Gaertn.* |
| जात | रातो |
| पाइने मुख्य स्थानहरु | गौतमबडा, गिडीखोला, पर्थेनी, हाँकु |
| स्थानीय नाम | कोदो |
| जातको पहिचान (हुलिया) | कसिला डल्ला बाला, हल्का रातो रङका दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ९५-१०५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ८५-९५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | १६०-१७० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ९०-१०० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | १.०५ ± ०.१० |
| उत्पादनमा संलग्न घरधुरी % | ५९ |
| संरक्षणको अवस्था | सुलभ |
| खेती प्रचलनको अवस्था | उस्तै |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा रेसा र फलामजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | आकर्षक रङ, सेतो पीठो हुने |
| प्रयोग | रोटी, ढिडो खान प्रयोग गरिने र नल पशु आहाराको रूपमा प्रयोग |
| स्वाद विश्लेषण | रोटि/ढिडो नरम र मीठो हुने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, डडुवा रोगले कम असर गर्ने |
| अनुकूलन | उर्वर नदी किनारा, भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |

# कालो कोदो





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | कोदो |
| वैज्ञानिक नाम | *Eleusine coracana Gaertn.* |
| जात | कालो कोदो |
| पाइने मुख्य स्थानहरु | गौतमबडा, पर्थेनी, हाँकु, गिडीखोला |
| स्थानीय नाम | कोदो |
| जातको पहिचान (हुलिया) | कसिला डल्ला बाला, हल्का रातो रङको डाँठ र कालो दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ९५-१०५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ८५-९५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | १६०-१७० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | १००-११० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^२$/घरधुरी) | ०.८३ ± ०.२२ |
| उत्पादनमा संलग्न घरधुरी % | ६ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा रेसा र फलामजन्य तत्त्व पाईने |
| बजारीकरणको बिशेषता | पोसिलो हुने |
| प्रयोग | रोटी, ढिडो खान प्रयोग गरिने र नल पशुआहाराको रूपमा प्रयोग |
| स्वाद विश्लेषण | रोटि/ढिडो नरम र मीठो हुने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, असिनाले कम असर गर्ने |
| अनुकूलन | सुक्खा, भिरालो तथा सीमान्तकृत जमिनमा लगाइने |



# रातो कागुनो



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | कागुनो |
| वैज्ञानिक नाम | *Setaria italica (L.) P.* |
| जात | रातो |
| पाइने मुख्य स्थानहरु | गिडीखोला, नियाँपानी |
| स्थानीय नाम | कागुनो |
| जातको पहिचान (हुलिया) | रातो मिश्रित खैरो लाम्चिलो बाला, रातो दाना हुने । |



## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १२०–१३० |
| फूल फुल्न लाग्ने समय (दिन) | १४०–१५० |
| परिपक्व हुन लाग्ने समय (दिन) | १६०–१७० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ७५–८५ |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.०४ ± ०.०६ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |



## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | भोक ढिलो लाग्ने, आडिलो हुने । |
| बजारीकरणको बिशेषता | पोसिलो, औषधीय गुण भएको |
| प्रयोग | खिर, भात खानमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम माडिलो (च्यापच्याप लाग्ने) भात हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो जमिन तथा असिञ्चित बारीहरू |

# औले कागुनो





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | कागुनो |
| वैज्ञानिक नाम | *Setaria italica (L.) P. Beau* |
| जात | औले |
| पाइने मुख्य स्थानहरु | गिडीखोला, नियाँपानी |
| स्थानीय नाम | कागुनो |
| जातको पहिचान (हुलिया) | टुप्पामा औलाजस्तो भएको बाला लाग्ने, हल्का पहेंलो दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १३०-१३५ |
| फूल फुल्न लाग्ने समय (दिन) | १२०-१३० |
| परिपक्व हुन लाग्ने समय (दिन) | १४५-१५५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ७०-८० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.०३८ ± ०.०० |
| उत्पादनमा संलग्न घरधुरी % | १ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | रेसा तथा फलामजन्य तत्त्व भएको, खाँदा आडिलो हुने |
| बजारीकरणको बिशेषता | घिउ रङ दाना, मधुमेहका बिरामीलाई अत्यन्त लाभकारी |
| प्रयोग | खीर, भात खानमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम माडिलो (च्यापच्याप लाग्ने) भात हुने |





## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने |
| अनुकूलन | भिरालो जमिन तथा असिञ्चित बारीहरू |



## पहेंलो/सेतो कागुनो



### क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | कागुनो |
| वैज्ञानिक नाम | *Setaria italica (L.) P.* |
| जात | पहेंलो सेतो |
| पाइने मुख्य स्थानहरु | गिडीखोला, नियाँपानी |
| स्थानीय नाम | कागुनो |
| जातको पहिचान (हुलिया) | हल्का पहेंलो लाम्चिलो बाला, होचो बोट, पहेला दाना हुने |

### ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १३०-१४० |
| फूल फुल्न लाग्ने समय (दिन) | ११५-१२५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | १४०-१५० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ७०-८० |

### ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.२५ ± ०.०१ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | घट्दो |
| खेती प्रचलनको अवस्था | घट्दो |

### घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | प्रचुर मात्रामा रेशा र फलामजन्य तत्त्व पाइने |
| बजारीकरणको बिशेषता | आकर्षक रङ |
| प्रयोग | खिर, भात खानमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | नरम माडिलो (च्यापच्याप लाग्ने) भात हुने |





### ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, नढल्ने |
| अनुकूलन | भिरालो जमिन तथा असिञ्चित बारीहरू |

# दुधे चिनो





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | चिनो |
| वैज्ञानिक नाम | *Panicum miliaceum L.* |
| जात | दुधे |
| पाइने मुख्य स्थानहरु | गिडीखोला, नियाँपानी |
| स्थानीय नाम | चिनो |
| जातको पहिचान (हुलिया) | होचो बोट, छोटा बाला, सेतो दूधजस्तो दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १०५-११५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ८५-९५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ११५-१३० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ३०-४० |



## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.८५ ± ०.२३ |
| उत्पादनमा संलग्न घरधुरी % | ४ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | आडिलो हुने |
| बजारीकरणको बिशेषता | औषधीय गुण भएको, सेता दाना |
| प्रयोग | खिर, भात खानमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | मोटो भात, मीठो र नरम हुने |



## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, नढल्ने |
| अनुकूलन | भिरालो जमिन तथा असिञ्चित बारीहरू |



# हाडे चिनो



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | चिनो |
| वैज्ञानिक नाम | *Panicum miliaceum L.* |
| जात | हाडे |
| पाइने मुख्य स्थानहरु | गिडीखोला, नियाँपानी |
| स्थानीय नाम | चिनो |
| जातको पहिचान (हुलिया) | ठुला बाला, हल्का रातो र कडा दाना हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १०५-११५ |
| फूल फुल्न लाग्ने समय (दिन) | ८५-९५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | ११५-१२५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ६०-६५ |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी $^2$/घरधुरी) | ०.४० ± ० |
| उत्पादनमा संलग्न घरधुरी % | १ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |



## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | पोसिलो, आडिलो हुने |
| बजारीकरणको विशेषता | औषधीय गुण भएको |
| प्रयोग | खीर, भात खानमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | भात मीठो हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, नढल्ने |
| अनुकूलन | भिरालो जमिन तथा असिञ्चित बारीहरू |

# जुम्ली मार्सि





## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | धान |
| वैज्ञानिक नाम | *Oryza sativa L.* |
| जात | जुम्ली मार्सी |
| पाइने मुख्य स्थानहरु | गौतमबडा, पर्थेनी, हाँकु, गिडीखोला, नियाँपानी |
| स्थानीय नाम | धान |
| जातको पहिचान (हुलिया) | मोटो धान, गाढा रातो बाला, मध्यम बोट |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १००-११० |
| फूल फुल्न लाग्ने समय (दिन) | ८५-९५ |
| परिपक्व हुन लाग्ने समय (दिन) | १५५-१६५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | १८५-१९५ |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | २.१६ ± ०.१६ |
| उत्पादनमा संलग्न घरधुरी % | ७२ |
| संरक्षणको अवस्था | सुलभ |
| खेती प्रचलनको अवस्था | उस्तै |



## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | पोसिलो, आडिलो हुने |
| बजारीकरणको बिशेषता | रातो भात र स्वाद |
| प्रयोग | भात, खिर, सेलरोटी बनाउन प्रयोग र पराल पशुआहाराको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | मीठो बास्ना आउने र स्वादिलो हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | चिसो सहन सक्ने, नढल्ने |
| अनुकूलन | सिंचित खेतबारी तथा नदी किनारको खेतमा लगाइने |



# दारिमे




## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | धान |
| वैज्ञानिक नाम | *Oryza sativa L.* |
| जात | दारिमे |
| पाइने मुख्य स्थानहरु | गौतमबडा |
| स्थानीय नाम | धान |
| जातको पहिचान (हुलिया) | मोटो धान, हल्का कालो बाला, मध्यम वोट हुने |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | ८०-१०० |
| फूल फुल्न लाग्ने समय (दिन) | ९०-१०० |
| परिपक्व हुन लाग्ने समय (दिन) | १६०-१७० |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | २५०-२६० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | २ ± ०.६९ |
| उत्पादनमा संलग्न घरधुरी % | ३ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |



## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | पोसिलो, आडिलो हुने |
| बजारीकरणको बिशेषता | रातो भात र स्वाद |
| प्रयोग | भात, खिर, सेलरोटी बनाउन प्रयोग र पराल पशुआहाराको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | मीठो बास्ना आउने र स्वादिलो हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | चिसो सहन सक्ने, नढल्ने |
| अनुकूलन | सिंचित खेतबारी तथा नदी किनारको खेतमा लगाइने |

## मेल्टे





### क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | धान |
| वैज्ञानिक नाम | *Oryza sativa L.* |
| जात | मेल्टे |
| पाइने मुख्य स्थानहरु | गौतमबडा |
| स्थानीय नाम | धान |
| जातको पहिचान (हुलिया) | मोटो धान, गाढा खैरो बाला, मध्यम वोट हुने |

### ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १५०-१६० |
| फूल फुल्न लाग्ने समय (दिन) | ८०-९० |
| परिपक्व हुन लाग्ने समय (दिन) | १५०-१५५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | १००-१२० |

### ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | २.१६ ± ०.१६ |
| उत्पादनमा संलग्न घरधुरी % | १० |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |



### घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | पोसिलो, आडिलो हुने |
| बजारीकरणको बिशेषता | रातो भात र स्वाद |
| प्रयोग | भात, खिर, सेलरोटी बनाउन प्रयोग र पराल पशुआहाराको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | स्वादिलो र नरम भात हुने |

### ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्वको प्रभावप्रति सहनशीलता | चिसो सहन सक्ने, नढल्ने |
| अनुकूलन | सिंचित खेतबारी तथा नदी किनारको खेतमा लगाइने |



# कालि मार्सि



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | धान |
| वैज्ञानिक नाम | *Oryza sativa L.* |
| जात | काली मार्सी |
| पाइने मुख्य स्थानहरु | गौतमबडा, पर्थेनी, हाँकु, नियाँपानी |
| स्थानीय नाम | धान |
| जातको पहिचान (हुलिया) | मोटो धान, गाढा रातो बाला, हरिया मध्यम वोट हुने । |

## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १००-११० |
| फूल फुल्न लाग्ने समय (दिन) | ८५-१०० |
| परिपक्व हुन लाग्ने समय (दिन) | १४५-१५५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | ९०-९५ |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी $^{२}$/घरधुरी) | <१ |
| उत्पादनमा संलग्न घरधुरी % | <१ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |



## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | पोसिलो, आडिलो हुने |
| बजारीकरणको बिशेषता | रातो भात र स्वाद |
| प्रयोग | भात, खिर, सेलरोटी बनाउन प्रयोग र पराल पशुआहाराको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | स्वादिलो हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | चिसो सहन सक्ने, नढल्ने |
| अनुकूलन | सिंचित खेतबारी तथा नदी किनारको खेतमा लगाइने |

# पाखे/धोके



## क. सामान्य जानकारी

| | |
|---|---|
| बाली | धान |
| वैज्ञानिक नाम | *Oryza sativa L.* |
| जात | पाखे/धोके |
| पाइने मुख्य स्थानहरु | गौतमबडा, गिडीखोला |
| स्थानीय नाम | धान |
| जातको पहिचान (हुलिया) | हल्का खैरो लामो झुस भएको बाला । |



## ख. जातीय विशेषता

| | |
|---|---|
| बोटको उचाई (से.मी.) | १५०–१६० |
| फूल फुल्न लाग्ने समय (दिन) | ८०–९० |
| परिपक्व हुन लाग्ने समय (दिन) | १४५–१५५ |
| सम्भावित उत्पादन (के.जी./रोपनी) | १००–११० |

## ग. जातको वर्तमान अवस्था

| | |
|---|---|
| उत्पादन क्षेत्रफल (मी$^2$/घरधुरी) | ०.५ ± ०.१६ |
| उत्पादनमा संलग्न घरधुरी % | ५ |
| संरक्षणको अवस्था | दुर्लभ |
| खेती प्रचलनको अवस्था | घट्दो |

## घ. प्रयोग

| | |
|---|---|
| पौष्टिक गुणहरु | पोसिलो, आडिलो हुने |
| बजारीकरणको बिशेषता | उल्लेखनीय नभएको |
| प्रयोग | भात, खिर, सेलरोटी बनाउन प्रयोग र पराल पशुआहाराको रूपमा प्रयोग गरिने |
| स्वाद विश्लेषण | मोटो र साह्रो भात हुने |

## ङ. अनुकूलता

| | |
|---|---|
| जैविक र अजैविक तत्त्वको प्रभावप्रति सहनशीलता | सुक्खा सहन सक्ने, असिनाले खासै असर नगर्ने, नझर्ने |
| अनुकूलन | सुख्खा खेतबारी तथा सीमान्तकृत जमिनमा लगाइक्ने |

## Reference

Palikhey E, SR Sthapit, S Gautam, D Gauchan, B Bhandari, BK Joshi and BR Sthapit. 2016. Baseline Survey Report III. Hanku, Jumla . Integrating Traditional Crop Genetic Diversity into Technology: Using a Biodiversity Portfolio Approach to Buffer against Unpredictable Environmental Change in the Nepal Himalayas. LI-BIRD, NARC and Bioversity International, Pokhara, Nepal.


**Local Initiatives for Biodiversity, Research and Development (LI-BIRD)**
Head Office: PO Box 324, Pokhara, Nepal
Phone: +977-61-526834, 535357 | Fax: +977-61-539956
Programme Coordination Office: Sanepa, Lalitpur
Phone: +977-01-5540330
Email: info@libird.org
web: www.libird.org

**Nepal Agricultural Research Council (NARC)**
Singhadurbar Plaza, Kathmandu
Post Box No. 5459, Kathmandu, Nepal
Phone: +977-1-4256837, 4262650, 4262567
Fax : +977-1-4262500
Email : ednarc@ntc.net.np
Web: www.narc.gov.np/org/gene_bank.php

**Bioversity International**
Dharahara Marg, Fulbari-11
Pokhara, Nepal

Bioversity Headquarters
Via dei Tre Denari 472/a
00057 Maccarese, Rome, Italy
Tel. (39-06) 61181
Fax. (39-06) 61979661
Email: bioversity@cgiar.org
Web: www.bioversityinternational.org

**Local Crop Project**
Web: www.himalayancrops.org

gef UNEP Bioversity International NARC DoA LI-BIRD

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development
and Cooperation SDC



## For more information


Integrating Traditional Crop Genetic Diversity for Mountain Food Security
(स्थानीय बाली परियोजना)
GEF UNEP Project Management Unit, Bioversity International
National Gene Bank, Nepal Agricultural Research Council
Khumaltar, Lalitpur, Nepal
**Tel.** +977-01- 5275141
**Web** www.himalayancrops.org
**Contact** Devendra Gauchan (d.gauchan@cgiar.org), Bioversity International

**Local Initiatives for Biodiversity, Research and Development (LI-BIRD)**

PO Box 324, Pokhara, Kaski, Nepal
**Tel** +977-61-526834, 535357
**E-mail** info@libird.org
**Web** www.libird.org









